puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३।०८४
सूचना नं. : ०८

मितिः२०८३।०४।१४ गते
ने. सं.: ११४६, दिल्लागा १, बिहिवार

**श्री पुथा उत्तरगङ्गा गाउँपालिका भित्र सम्बन्धित योग्यता पुगेका सबै शिक्षकहरू।**

**विषय: विषयविज्ञ (Roster) सुचिकुतको लागि निवेदन पेस गर्ने सम्बन्धि सुचना प्रकाशन गरीएको बारेमा।**

प्रस्तुत विषयमा पुथा उत्तरगङ्गा गाउँपालिका शिक्षा समितिको मिति २०८३।०४।१३ गतेको निर्णयानुसार यस पुथा उत्तरगङ्गा गाउपालिका भित्र रहेका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरूमा रिक्त शिक्षक तथा कर्मचारी पदमा करार सेवा प्रक्रियाद्धारा शिक्षक तथा कर्मचारी पदपूर्ति गर्ने प्रयोजनको लागि आवश्यक विषयविज्ञ (Roster) हरूको सूची तयार गरी अद्यावधिक गर्नुपर्ने भएको हुँदा **पुथा उत्तरगङ्गा गाउँपालिका करार शिक्षक, कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, – २०७९** को अधिनमा रहीँ तपसिलमा उल्लेखित योग्यता तथा अनुभव समेत पूरा गरेका इच्छुक शिक्षकहरूबाट दरखास्त आह्वान गरीएकोछ। तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र यस पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा रीत पूर्वक भौतिक रूपमा वा अन्लाईन माध्यमबाट निवेदन पेस गर्नुहुन सबैमा यो सूचना प्रकाशन गरीएको छ।

**तपसिलः**

१. *विद्यालय सहयोगी*, बालविकास शिक्षक, र प्राथमिक तहको शिक्षक छनोटको लागिः सोही तहको विषयविज्ञमा निवेदन पेस गर्नको लागि शिक्षा शास्त्र विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धीत तहमा कम्तिमा ३ वर्ष स्थायी सेवा अवधि पुगेको साथैं कम्प्युटर विषयमा आधारभूत ज्ञान भएको शिक्षक।

२. निम्न माध्यमिक तहको शिक्षक छनोटको लागिः सोही तहको विषयविज्ञमा निवेदन पेस गर्नको लागि सम्बन्धीत विषयमा स्नातक तह वा सोसरह उत्तीर्ण गरी सम्बन्धीत तह तथा विषयमामा कम्तिमा ३ वर्ष स्थायी सेवा अवधि पुगेको साथैं कम्प्युटर विषयमा आधारभूत ज्ञान भएको शिक्षक।

३. माध्यमिक तहको शिक्षक छनोटको लागिः सोही तहको विषयविज्ञमा निवेदन पेस गर्नको लागि सम्बन्धीत विषयमा कम्तिमा स्नातक/स्नातकोत्तर तह वा सोसरह उत्तीर्ण गरी सम्बन्धीत तह तथा विषयमा कम्तिमा २ वर्ष स्थायी सेवा अवधि पुगेको तथा कम्प्युटर विषयमा आधारभूत ज्ञान भएको शिक्षक।

४. विद्यालय सहायक कर्मचारी छनोटको लागिः कम्तिमा व्यवस्थापन, लेखा वा अर्थशास्त्र मूल विषय लिई प्रमाणपत्र/ स्नातक वा सोसरह उत्तीर्ण गरी प्राथमिक तहमा ३ वर्ष, निम्न माध्यमिक तहमा २ वर्ष र माध्यमिक तहमा १ वर्ष सेवा अवधि पूरा गरी कम्प्युटर विषयमा आधारभूत ज्ञान भएको शिक्षक।

puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३।०८४
सूचना नं. :

मितिः२०८३।०४।१४ गते
ने. सं.: ११४६, दिल्लागा १, बिहिवार

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

क. नेपाली नागरीकता पत्रको प्रतिलिपि,

ख. शैक्षिक योग्यताका प्रमाण पत्रहरूको प्रमाणित प्रतिलिपि,

ग. शिक्षक स्थायी नियुक्ति प्रमाण पत्रहरूको प्रमाणित प्रतिलिपि,

घ. शिक्षकको व्यक्तिगत विवरण जमसमा कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको कुरा समेत खुल्ने किसिमको (बायोडाटा ),

ङ. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति,

च. प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गरेको व्यक्तिगत निवेदन,

छ. सूचिकृत दरखास्त रकम क्रमशः विद्यालय सहयोगी, बालविकास शिक्षक र विद्यालय सहायकको लागि रू. ५००, प्रावि तहको लागि र निमावि तहको लागि रू. ७०० र मावि तहको लागि रू. १००० को भौचर रसिद,

ज. शिक्षक सेवा आयोगद्धारा प्रकाशीत पछील्लो पाठ्यक्रम बमोजिम सम्बन्धीत तह र विषयको १/१ प्रति विषयगत र वस्तुगत नमूना प्रश्नपत्रको खाम बन्दी -१ (आफ्नो नाम, स्थायी ठेगाना, कार्यरत विद्यालय तथा तह खुल्ने गरी )

..............................
**ध्रुव वि. क.**
**प्रमुख प्रशासकीय अधिकृत**

पुनश्चः दरखास्त दस्तुर बुझाउने बैंङ्क प्रक्रिया तथा विधिः यस गाउँपालिकाको सिद्धार्थ बैंक लि. मा रहेको आन्तरिक राजश्व खाताको नाम PUTHA UTTARGANGA GAUNPALIKA GA 1.1 ANTARIK RAJASHWA KHATA र खाता नम्बर 01415359946 मा तोकिएको रकम दाखिला गर्न सकिने वा कार्यालयमा सम्पर्क गरेर समेत भौचर काटन सकिनेछ। साथै माथि उल्लेखित कागजातहरू पूरा नगरी पेस गरेको उम्मेदवारको निवेदन दर्ता हुनेछैन। साथैं फाराम भर्ने प्रक्रियामा कुनै समस्या आएमा निम्न नम्बरहरूमा सम्पर्क गर्न सकिनेछ।

**निम्न:**

**सम्पर्क नम्वर: ९८४७४११४९२ वा ९८५७८२८१२९**

**वोधार्थ:**

**श्री सूचना प्रविधि अधिकृतज्यू: सूचना सम्प्रेषण गर्नुहुन।**